# केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७३ पौष १२ गतेको बैंठकका निर्णयहरु

**एजेण्डाः- १**

२०७३ आश्विन १९ गते देखि हालसम्म घटेका विपद्का घटनाहरुको विवरण सम्बन्धमा-

**निर्णयः-१**

क. आगामी दिनमा शीतलहर, बाढी, पहिरो, आगलागी र चट्याङ जस्ता विपद्को घटनाबाट हुनजाने क्षतिलाई न्यूनीकरण गर्न सबै मन्त्रालयहरु, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल लगायतका निकायहरुले आ-आफ्ना मातहतका निकायहरुलाई निर्देशन दिने र जिल्ला दैवी प्रकोप उद्धार समितिले जिल्लास्थित सबै सरकारी निकाय, गैरसरकारी संस्था, समेतलाई परिचालन गरी जोखिम न्यूनीकरण पूर्वतयारी तथा प्रतिकार्यका लागि अग्रसर रहने ।

ख. भूकम्प, बाढी र पहिरो, आगलागी, हिम पहिरो र शीतलहर जस्ता विपद्हरुले अत्यावश्यक वस्तु तथा सेवालाई (Life Line) पार्नसक्ने प्रभावलाई ध्यान दिइ अत्यावश्यक वस्तु तथा सेवाहरु सुचारु गर्न सबै निकायहरु सतर्क र सचेत रहने । क्षतिग्रस्त क्षेत्र र भौतिक पूर्वाधारको पुनःनिर्माण तथा सेवा सुचारुका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उर्जा मन्त्रालय, शहरी विकास मन्त्रालय, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, शिक्षा मन्त्रालय, कृषि विकास मंन्त्रालय, पशुपंक्षी विकास मन्त्रालय लगायत अन्य सरोकारवाला मन्त्रालय तथा निकायहरुले स्थलगत अवलोकन तथा निरीक्षण गरी आ-आफ्नो विषयगत क्षेत्रको विस्तृत डिजाइन र लागत अनुमान सहित योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।

ग. मिति २०७३/०८/०२ गते विभिन्न सरोकारवाला निकायहरुको प्रतिनिधिहरुको उपस्थितिमा राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC) मा भएको शीतलहर पूर्वतयारी सम्बन्धी बैंठकबाट भएका निर्णयहरुको कार्यान्विन प्रभावकारी रुपले गर्न जिल्ला दैवी प्रकोप उद्धार समितिहरुलाई निर्देशन दिने ।

**एजेण्डाः-२**

२०७३ आश्विन १९ गते पश्चात हालसम्म भएका आगलागीका घटनाबाट घर पूर्णरुपमा क्षति भएकाहरुलाई घर पुनःनिर्माण, सहुलियत दरका ऋण लगायतका सुविधाहरु उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णयः-२**

(क) भोजपुरको भोजपुर बजार र तेह्रथुमको संक्रान्ती बजारमा भएको आगलागीबाट घर पूर्णरुपमा क्षति भएका आगलागी पीडितहरुलाई घर पुनर्निर्माणका लागि भूकम्प पीडितहरुलाई उपलब्ध गराईएको सरहको अनुदान उपलब्ध गराउन अर्थ मन्त्रालयको सहमति लिई नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेश गर्ने ।

(ख) माथि उल्लिखित स्थानका आगलागी पीडितहरुको व्यवसाय पुनर्उद्धारका लागि सहयोग पुरयाउन सहुलियत दरमा पुनर्उद्धार कोष मार्फत ऋण उपलव्ध गराउने सम्वन्धी आवश्यक व्यवस्था मिलाउन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने ।

**एजेण्डाः- ३**

विपद् जोखिम न्यूनीकरण , पूर्वतयारी तथा प्रतिकार्य सम्वन्धी नीति, रणनीति योजना तथा कार्यक्रम तर्जुमा गरी सेन्डाई फ्रेमवर्कमा नेपालले गरेको प्रतिवद्धता बमोजिमका कार्यहरु सम्पादन गर्ने सम्वन्धमा ।

निर्णयः- ३

क. नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेको प्रतिवद्धता बमोजिम राष्ट्रिय र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण पूर्वतयारी तथा प्रतिकार्य रणनीतिहिरु सन् २०२० सम्म तयार गरी कार्यान्वयनमा ल्याईसक्नु पर्ने भएकोले राष्ट्रियस्तरको विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना चार महिनाभित्र तयार गर्न गृह मन्त्रालयलाइ निर्देशन दिने ।

ख. भूकम्पीय जोखिम हिसावले जोखिमयुक्त भौगोलिक क्षेत्रमा नेपाल रहेकाले पूर्व पहिचान भएका भूकम्पीय Fault Lines समेतलाई आधार मानी भौगर्भिक अध्ययन गरी Risk Sensitive Land Use Plan यथाशक्य चाडो तयार गर्न उद्योग मन्त्रालय, शहरी विकास मन्त्रालय र भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिने।

ग. हाल इटहरी, हेटौडा , पोखरा र धनगढीमा क्षेत्रीय गोदाम घरहरु सञ्चालनमा रहेको र सुर्खेतमा निर्माणाधिन रहेको सन्दर्भमा देशका पुर्व देखि सुदुर पश्चिमसम्मका मध्य र पहाडी क्षेत्रहरुमा थप ३(तीन) वटा गोदाम घरहरु निर्माण गर्न आगामी वर्षको कार्यक्रममा समावेश गर्न अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई अनुरोध गर्ने ।

**एजेण्डाः- ४ विविध**

(क) भूकम्प सुरक्षा दिवस सम्वन्धमा ।

१ वि.सं. १९९० मा महाभूकम्प गएको दिन माघ २ गतेलाई भूकम्प सुरक्षा दिवश मनाउने गरिएको सन्दर्भमा यस वर्ष पनि विविध कार्यक्रम गरी १९औं भूकम्प सुरक्षा दिवश मनाउन भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (NSET) लाई रु ३,००,०००।-(तीन लाख) गृह मन्त्रालयमा रहेको केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट उपलब्ध गराउने।

२ सबै जिल्लाहरुले पनि विविध कार्यक्रम गरी मनाउने गरेको सन्दर्भमा प्रत्येक जिल्लामा भूकम्प सुरक्षा दिवश मनाउनका लागि केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट प्रत्येक जिल्ला प्रशासन कार्यालयलाई रु १०,०००।- (दश हजार) का दरले निकाशा दिने ।

(ख) औषधि उपचारको रकम निकासा सम्वन्धमा ।

१ जिल्ला प्रशासन कार्यालय डडेलधुराको मिति २०७३।०६।१० च.नं. ४२८ को पत्रानुसार सोही जिल्लाको कोटेली गाबिस वडा नं. ५ बस्ने धुमे भुलको श्रीमती सरु

देवी भुल मिति २०७३।०४।१४ गतेका दिन परेको अविरल वर्षाका कारण घरको माथिबाट पहिरो आई सख्त घाईते भएकोले उपचार गराउदा लाग्ने खर्च बिल बमोजिमको रकम रु. ६६,७१०।- भुक्तानी का लागि कार्यालयमा कागजात पेश गरेकोमा सो कार्यालयमा बसेको जिल्ला दैबी प्रकोप उद्दार समितिको बैठकबाट निकासा माग भई आएको खर्च भुक्तानीको लागि रु. ६६,७१०। केन्द्रीय दैबी प्रकोप उद्दार कोषबाट निकासा दिने ।

२ गृह मन्त्रालयको राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्रको च.नं. ४७ मिति २०७३।०४।३१ गतेको पत्र बमोजिम त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगंजको मिति २०७३।०७।०३, च.नं. ५७७ को पत्रानुसार गोरखा जिल्ला केरौजा गाविस निबासी रामजीत गुरुङ, सुकराम घले र कृष्ण गुरुङ साथै प्युठान जिल्ला लुङ गाविस निवासी पवित्रा थापा पहिरोमा परी उपचार गर्दा लागेको रकम रु. ५८,९३५।— (अन्ठाउन्न हजार नौं सय पैतिस) भुक्तानी दिने ।

३ जिल्ला प्रशासन कार्यालय कञ्चनपुरको च.नं. १०७३ मिति २०७३।०७।०८ को पत्र बमोजिम सो जिल्लामा पटक पटक नदीमा आएको बाढीले पुरै गाउँ कटान, पटान एवं डुबानका कारण धनजनको क्षतीका कारण हाल पुरै गाउँ विस्थापित भै बेलौरी न.पा.मा पर्ने अजयपाल सामुदायिक वनमा अस्थायी रुपमा कष्टकर जिवनयापन गरीरहेको हुनाले आवश्यक व्यवस्थाका लागि लेखिआएकोमा शहरी विकास मन्त्रालय र भूमीसुधार तथा व्यवस्था मन्त्रालयलाई आवश्यक कारवाहीका लागि पठाउने ।

ग. जिल्ला प्रशासन कार्यालय, झापाको च.नं. २१२७, मिति २०७३।०७।११ को पत्रमा उल्लेखित वर्षातको समयमा यस जिल्लाका विभिन्न स्थानमा क्षति पुरयाएका सडक, पुल पुलेसा, कल्भर्ट, जमिन कटान, खानेपानीका पाईप, सिंचाई कुलो तटबन्ध स्परहरुको मर्मत सम्भार तथा पुनर्निर्माण गर्न जिल्ला स्थित विषयगत कार्यालयहरुसँग क्षतिको विवरणको प्राविधिक मूल्याङ्कन तथा लागत अनुमान माग गरिएकोमा डिभिजन सडक कार्यालय, दमकबाट प्राप्त प्राविधिक प्रतिवेदन तथा लागत अनुमान प्राप्त हुन आएकोले सम्बन्धित निकायहरुलाई अनुरोध गरी पठाउने ।

घ. केन्द्रीय दैवी प्रकोप उद्धार कोषवाट चालु आ.व. (२०७२/०७३/ र २०७३/२०७४) को मिति २०७३/०३/२८ देखि २०७३/०९/०७ सम्म भएको देहाय वमोजिमको जम्मा खर्च रु ६,९४,१२,७४०।२४ (छ करोड चौरानव्वे लाख वाह्र हजार चौविस पैसा) समर्थन गर्ने।

| | |
|---|---|
| जिल्ला दैवी प्रकोप उद्धार कोषमा निकाशा | रु.६,७४,७८,०००।- |
| बैंक कमिशन खर्च | रु.२९०।- |
| हेलिकप्टर भाडा विल भुक्तानि (नेपाली सेना भिआईपि) | रु.१९,३४,४५०।२४ |
| जम्मा | रु. ६,९४,१२,७४०।२४ |